**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
मितिः ११ अक्टुबर २०२५
समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- पश्चिम बंगालमा मतदात सूचि विशेष गहन समीक्षा (SIR) प्रकृया 15 अक्टूबर पछि शुरू हुने सम्भावना छ।
- उत्तरबंगालमा हालको भीषण वर्षा, बाढी र पैह्रोमा परि ज्यान गुमाउनेहरूको संख्या 40 पुगेको छ।
- मुख्यमंत्री ममता ब्यानर्जी प्रकृतिक आपदाले उत्पन्न स्थितिको जानकारी लिन 13 अक्टुबरको दिन दार्जिलिंग आउनु हुने छ।
- प्रधानमंत्री नरेन्द्र मोदीले 42 हजार करोड़ रूपिया भन्दा बढीका कृषि परियोजनाहरूको शिलान्यास र लोकार्पण गर्नु भएको छ।
- कोलकाता टकसालद्वारा निर्मित आरएसएस शताब्दी वर्ष सिक्का ONLINE खरीदका लागि www.indiagovtmint.in मा उपल्ब्ध गरिएको छ।

## पश्चिम बंगाल एसआईआर

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रिया 15 अक्टोबर पछि सुरु हुने सम्भावना छ। यसैबीच, निर्वाचन आयोगले राज्यमा निर्वाचन अधिकारीहरू, विशेष गरी बुथ स्तर अधिकारी (BLO) र निर्वाचन पंजीकरण अधिकारी(ERO) को चयनमा निर्धारित मापदण्डहरूसित कुनै पनि सम्झौता सहन नसक्ने स्पष्ट पारेको छ।आयोगले राज्यका मुख्य सचिव मनोज पन्तलाई एक नयाँ पत्र पठाएको छ जसमा यी पदहरूको चयनका लागि विस्तृत दिशानिर्देशहरू दोहोऱ्याइएको छ, मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयका स्रोतहरूले आज यसको पुष्टि गरेका छन्।निर्वाचन आयोगको निर्देश अनुसार, बीएलओ चयनमा सरकारी विद्यालयका शिक्षकहरू सहित स्थायी राज्य सरकारी कर्मचारीहरूलाई प्राथमिकता दिइनुपर्छ। त्यस्तै गरी, ERO को चयन पश्चिम बंगाल सिविल सर्विस (कार्यकारी) का अधिकारीहरूमध्ये गरिनेछ। यी अधिकारीहरू उपमंडलाधिकारी (SDM), उपमंडल अधिकारी वा ग्रामीण विकास अधिकारीको पदभन्दा कम हुनुहुँदैन। यसैबीच, पश्चिम बंगाल भाजपा इकाईले लामो समयदेखि बीएलओको चयनमा अनियमितता भएको आरोप लगाउँदै आएको छ।

## बंगाल बाढी मृतक संख्या

पश्चिम बंगालका उत्तरी जिल्लाहरूमा आएको भीषण बाढी र पहिरोबाट मृत्यु हुनेको संख्या 40 पुगेको छ, पछिल्लो 24 घण्टामा थप एक जनाको शव फेला परे पछि यो आंकड़ा बढ़ेको हो। आपदा मोचन बल (एनडीआरएफ) र दार्जिलिङ तथा जलपाइगुडी जिल्ला प्रशासनको ताजा आंकड़ा अनुसार बिहीबार बिहानसम्म मृत्यु हुनेहरुको संख्या 39 पुगेको थियो।जिल्ला प्रशासनका एक अधिकारीले बताए अनुसार जलपाईगुडी जिल्लाको नागरा काटा क्षेत्रको बामुंडांगा स्थित टुडु चिया बगान नजिकैको नदीमा आज एक महिलाको शव फेला परेको छ। मृतकको पहिचान अझै भएको छैन।यसैबीच, पहाडी र तराई-डुवर्स क्षेत्रका मानिसहरूले बाढी र पहिरोका कारण आफ्ना धेरै महत्त्वपूर्ण पहचान पत्र र कागजातहरू बगाएको वा नष्ट भएको गुनासो गरेका छन्। यस समस्यालाई मध्येनजर गर्दै राज्य सरकारले प्रभावितहरूलाई नयाँ कागजातहरू प्राप्त गर्न मद्दत गर्न विशेष शिविरहरू स्थापना गर्ने निर्णय गरेको छ।

जलपाईगुडीसित जोडिएको अलिपुरद्वार जिल्लामा जिल्ला पुलिस प्रशासनले केही मोबाइल शिविर सुरु गरिसकेको छ। यी शिविरहरू स्थिति सामान्य नभएसम्म जारी रहनेछन्।यसैबीच, दार्जिलिङ, जलपाईगुडी र अलिपुरद्वार जिल्लाका वन क्षेत्रहरूमा अर्को खतरा उत्पन्न भएको छ। बाढी पछि जंगलमा भोजनको अभावले जंगली जनावरहरू आवासीय क्षेत्रमा आउने सम्भावना बढेको छ, जसले गर्दा मानव- मानव-वन्यजीव द्वन्द्वको सम्भावना बढेको छ।मुख्यमन्त्री ममता बनर्जी 13 अक्टोबरमा फेरि एक पटक उत्तर बंगालको भ्रमणमा आउनुहुनेछ। यस पटक उहाँको भ्रमण पहाडी क्षेत्रहरूमा सीमित हुनेछ। यस अघि यस साताको सुरुमा, उहाँले उत्तर बंगालका मैदानी क्षेत्रहरुको निरीक्षण गर्नुभएको थियो।

**दार्जिलिङ चिया बगान**

उत्तर बंगालमा लगातार भएको मूसलधारे वर्षा र पहिरोले दार्जिलिङ चिया बगानमा व्यापक क्षति पुर्‍याएको छ। धेरै क्षेत्रहरूमा आन्तरिक सडक, बिजुली र जल आपूर्ति व्यवस्था गम्भीर रूपमा प्रभावित भएको छ।यस विनाशपछि, दार्जिलिङका चिया बगान मालिकहरूले अब राज्य सरकारबाट मदद माग्ने तयारी गरिरहेका छन् ताकि बगानहरूमा पूर्वाधार र सञ्चार प्रणाली पुनर्स्थापित हुन सकोस र भविष्यका फसल हरू प्रभावित नहोस्।जानकारी अनुसार, दार्जिलिङका लगभग 30 देखि 35 चिया बगानहरू भारी वर्षा र पहिरोबाट प्रभावित भएका छन्। धेरै ठाउँहरूमा चियाका बोटहरू बगाइएको छ, श्रमिकहरूको घर ध्वस्त भएका छन, र केही श्रमिकहरूहरूको मृत्यु भएको पनि खबर छ।
दार्जिलिंग टी एसोसिएशन (DTA) को एक बैठकमा राज्य सरकारबाट सहयोग माग्ने निर्णय गरियो। संगठनका वरिष्ठ सदस्य तथा चामोङ टी का अध्यक्ष अशोक लोहियाले भारी वर्षाले बगान भित्रका सडकहरूमा गम्भीर क्षति पुर्‍याएको बताउनु भयो।

**पीम धन-धान्य कृषि योजना 6.50**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा कृषि र यस सम्बद्ध क्षेत्रहरूमा 42 हजार करोड़ रुपियाँभन्दा बढी मूल्यका कैयन परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो। श्री मोदीले 35 हजार करोड रूपियाँ भन्दा बढी लागतका कृषि क्षेत्रका दुई प्रमुख पहल पीमए धन-धान्य कृषि योजना र दालहरुमा आत्मनिर्भरता मिशनको शुभारंभ गर्नुभयो।प्रधानमन्त्रीले भन्नुभयो देशको आत्मनिर्भरता र किसानहरूको कल्याणका लागि यी दुई नयाँ योजनाहरू सुरु गरिएको हो। प्रधानमन्त्रीले दालमा आत्मनिर्भरताको लागि मिशन भावी पुस्तालाई आत्मनिर्भर बनाउने योजना भएको बताउनु भयो। श्री मोदीले भन्नुभयो प्रधानमन्त्री धन धान्य कृषि योजना अन्तर्गत पशुधनमा पनि विशेष ध्यान दिइरहेको छ। प्रधानमन्त्रीले 21 औं शताब्दीको भारतको विकासको लागि देशको कृषि प्रणालीमा सुधार आवश्यक रहेको र यी सुधारहरू 2014 बाट नै सुरु भएको बताउनु भयो। श्री मोदीले भन्नुभयो विगत एघार वर्षमा भारतको कृषि निर्यात लगभग दोब्बर भएको छ।

**जीएसटी सुधार - पश्चिम बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको र गत महिनाको २२ तारिखमा सुरु गरिएको जीएसटी बचत महोत्सवले देशभरी फाइदा पुर्याएको छ। प्रस्तुत छ हाम्रो संवाददाताको पश्चिम बंगालको उद्योग क्षेत्रलाई सशक्त बनाउने जीएसटी सुधारहरूको बारेमा एक रिपोर्ट:

***आउँदो पुस्ताको जीएसटी सुधारहरूले पश्चिम बङ्गालका कारिगर, किसान तथा उद्योगहरूलाई उल्लेखनीय फाइदा पुर्‍याएका छन्। संशोधित जीएसटी दर अन्तर्गत, स्थानीय उत्पादन र हस्तकला सामग्रीहरूमा लाग्ने कर 12 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिएको छ, जसले सयौँ सिपालु र ग्रामीण घरपरिवारहरूको उत्पादन लागत घटाएको छ। जीएसटी 2.0 अन्तर्गत दार्जिलिङ चिया एक्स्ट्र्याक्सन तथा एस्सेन्स मा लाग्ने कर पनि 18 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिएको छ। यसले दार्जिलिङ चिया उद्योगको आर्थिक स्थायित्वलाई मजबुत बनाएको छ र यस अमूल्य सम्पदालाई देशका विशेष बजार तथा विश्वका प्रिमियम पेय उद्योगमा निरन्तर उभार दिन सहयोग गरेको छ। त्यसै गरी, प्रशोधित आमका उत्पादन, जूस र जैममा लाग्ने कर 12 प्रतिशतबाट घटाएर 5 प्रतिशत गरिँदा खुद्रा मूल्य 6 प्रतिशतभन्दा बढीले घटेको छ। यस कदमले प्रशोधित उत्पादनहरूलाई उपभोक्ताहरूका लागि अझ सुलभ बनाएको छ र खाद्य प्रशोधन उद्योगलाई प्रोत्साहन दिएको छ। जीएसटीमा गरिएको यो कटौतीले ग्रामीण***

***आजीविकालाई मजबुत बनाएको छ, साना उत्पादकका नाफा बढाएको छ र पश्चिम बङ्गालका परम्परागत तथा औद्योगिक क्षेत्रहरूको वृद्धि अगाडि बढाएको छ। यी सुधारहरूसँगै राज्य फस्टाउँदो बजार, समृद्ध समुदाय र विश्वस्तरीय प्रतिस्पर्धी स्थानीय उत्पादनहरूको केन्द्रका रूपमा अघि बढ्न तयार भएको छ।***

## आरएसएस स्मारक सिक्का

भारत सरकारले राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को स्थापनाको 100 वर्ष पूरा भएको अवसरमा विशेष स्मारक सिक्का र डाक टिकट जारी गरेको छ।कोलकाता टकसाल द्वारा निर्मित यो स्मारक सिक्का अब आधिकारिक वेबसाइट www.indiagovtmint.in मा अनलाइन खरिदका लागि उपलब्ध छन्।कोलकाता टकसालसित जुड़ेका एक वरिष्ठ अधिकारीले शनिबार यसको पुष्टि गर्दै वित्त मन्त्रालयको आदेशमा यो अनलाइन उपलब्ध गराइएको बताए। उहाँले भन्नुभयो यो आरएसएसको एकसय वर्षको सेवा, एकता र समर्पणको सम्मानको प्रतीक हो।राष्ट्रिय स्वयंसेवक संघको स्थापना सन् 1925 मा डा. केशव बलिराम हेडगेवारले गर्नुभएको थियो। पछिल्लो एक शताब्दीमा यस संगठनले सामाज सेवा, शिक्षा, आपदा राहत र राष्ट्रिय एकताको क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ।

## रंगबुल धोत्रे रंगमुक समष्टि

रंगबुल धोत्रे रंगमुक समष्टि अन्तर्गत धोत्रे कलेजभेल्ली ग्राम पञ्चायतको अप्पर कलेज भेल्लीको बीच गाउँ र धोत्रे तामाङ टोल गाउँका पैह्रोले प्रभावित परिवारहरुलाई सार्नको लागि जमीनको सर्वे शुरु भएको छ। गत केही दिन अघि मात्र रंगबुल धोत्रे रंगमुक समष्टिको विभिन्न पैह्रोग्रस्त क्षेत्रहरुको दार्जिलिङ जिल्ला शासक डा प्रीति गोयल र जीटीएको डेपुटी चेयरम्यान एंव क्षेत्रीय सभासद राजेस चौहानले निरीक्षण भ्रमण गरेका थिए। यस निरीक्षणपछि आजदेखि पहिलो चरणको जमीन सर्वेक्षणको कार्य शुरु गरिएको छ। यसको लागि आज जीटीएको डेपुटी चेयरम्यान एंव क्षेत्रीय सभासद राजेस चौहानको नेतृत्वमा भूमि तथा भूमि सुधार विभाग, जोरबंगलो–सुकेपोखरी खण्ड विकास विभाग, पञ्चायत समिति र ग्राम पञ्चायतका प्रतिनिधिहरूले संयुक्त स्थलगत अनुगमन गरेका छन्। यस पहिलो चरणको सर्वेक्षणमा यस समष्टिको धोत्रे ग्राम पञ्चायत अन्तर्गत अप्पर कलेजभेल्लीको बीच गाउँको वार्ड नम्बर 3 बाट चार परिवारहरु, धोत्रेको तामाङ टोल वार्ड नम्बर 2 बाट 15 परिवारहरुको लागि धोत्रे चियाबारीको खाली ठाउँमा सार्नलाई जमीनको सर्वे गरिएको छ। यस प्रकारको सर्वेक्षण पैह्रोले प्रभावित रंगबुल धोत्रे रंगमुक समष्टिको अन्य विभिन्न स्थानहरुमा पनि गरिने भएको जानकारी प्राप्त भएको छ। अप्पर कलेज भेल्ली क्षेत्रको पैह्रो प्रभावित परिवारहरुको लागि राखिएको रिलिफ क्याम्पमा श्री चौहानले आज पनि विभिन्न रिलिफका सर सामानहरु पैह्रो पिढितहरुलाई लगिदिएका थिए।